नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र १७ गते २०२० साल

श्री ५ को सरकार

शिक्षा मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित जग्गा जुद्धोदय पब्लिक हाईस्कूलको निमित्त प्राप्त गराइदिने मिति २०२०।१।२७ मा श्री ५ को सरकारबाट निर्णय भएकोले जग्गाको धनीले जग्गाको मोल र जग्गा लिदाको अरू नोक्सानी बापत यस ऐन बमोजिम क्षतिपूर्ति पाउने कुरा खुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरेको छ ।

का. इ. छेत्रपाटीको पूर्व बाटो, पश्चिम तारावीर र अफजल शाहको कम्पाउण्ड उत्तर, गणेशमान श्रेष्ठको घर दक्षिण, जे. पी. हाईस्कूल यति चार किल्लाभित्रको का. इ. मेल बहादुरभवन बस्ने पद्मकुमारी क्षेत्रिनीको नाममा दर्ता भएको काठमाडौं माल दोस्रामा वर्ष १ को रोपनी १ को रू. ३। का दरले जम्मा रू. ५०।३५ पचास रुपैयाँ पैंतीस पैसा मालपोत लागेको जग्गा रोपनी १६।।। . ।। सोन्ह रोपनी बान्ह आना दुईपैसामध्ये दक्षिण पट्टिको ८ आठ रोपनी जग्गा कित्ता- - - - - - १

आज्ञाले-

श्यामकृष्ण भट्टराई

श्री ५ को सरकारको सह-सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८१४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।